मितिः२०७८/०६/२५ (11th October, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## कम्प्युटर ह्यांकिंग (Computer Hacking) संग सम्बन्धितः

## कम्प्युटर ह्यांकिंग (Computer Hacking) बाट कसरी बच्ने ?

कम्प्युटर ह्यांकिंग (Computer Hacking) बाट बच्न निम्न बमोजिमको उपायहरु अपनाऔ :-

१. आफ्नो नेटवर्क तथा कम्प्युटरमा हुन सक्ने अनाधिकृत पहुँचबाट बच्न इन्टरनेटमा जोडिनुभन्दा अगाडि Firewall लाई Enable गरौं ।

२. Real Time Threat Detection को लागि Reputed Antivirus र Anti-spyware Software को प्रयोग गरौं ।

३. Upper Case, Lower Case, Numeric र Other Special Character सहितको बलियो पासवर्डको प्रयोग गरौं । साथै, आफ्नो पासवर्ड कसैसंग पनि share नगरौ ।

४. इमेल, समाजिक संजाल तथा वित्तीय खातामा Fingerprint, One-Time Password (OTP) जस्ता Multi Factor Authentication (MFA) को प्रयोग गरौं । आफ्नो पासवर्डलाई बेला बेलामा परिवर्तन गरौ । साथै विभिन्न खाताहरुको लागि फरक फरक पासवर्डको प्रयोग गरौं ।

५. आफ्नो Operating System (OS), Apps, Browser, Antivirus लगायतका Software को नियमित Update गरी Up-to-date राखौं ।

६. Spam Email लाई Ignore गरौं । अपरिचित व्यक्तिबाट आएको Spam ईमेलमा रहेको Attachment तथा लिंकलाई नखोलौं ।

७. प्रयोगमा नरहेका वा प्रयोग नभएको समयमा Computer System लाई बन्द गरेर राखौं । साथै, प्रयोगमा नरहेको बेला WiFi Connection, Bluetooth Connection लाई Off गरेर राखौं ।

८. Https भएको सुरक्षित वेबसाइटको मात्र प्रयोग गरौं ।

९. आफ्नो Router मा Security संग सम्बन्धित Setting हरुलाई Enable गरौं ।

१०. Public Wi-Fi बाट संवेदनशील डाटा, Personally Identifiable Information (PII) share नगरौं । साथै अनलाइन बैंकिंग जस्ता कारोवार Public Wi-Fi बाट नगरौं ।

११. संवेदनशील Data Transfer तथा Transaction को लागि Secure VPN को प्रयोग गरौं ।

१२. आफ्नो Computer को Performance बेला बेलामा निगरानी गरौ । प्रयोग नहुने अनावश्यक Software हरुलाई हटाऔ ।

१३. आफ्नो Computer System Infected भएको शंका लागेमा System लाई Scan गरौ, Password परिवर्तन गरौ, साथै सम्बन्धित विज्ञसगं परामर्श लिऔ ।

१४. Pirated/Freeware Software को प्रयोग नगरौ ।

१५. आफ्नो महत्वपूर्ण Data हरुको Backup राखौ ।

**Nepal Telecommunications Authority (NTA)**
**Cyber Security Task Force (NTACERT)**
**Jamal, Kathmandu, Nepal**
**Email: cert@nta.gov.np, Website: www.nta.gov.np**